## मिति २०७८।०३।०१ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

**प्र.मं.प.बै.सं. ११।०७८**

१. आर्थिक बर्ष २०७८/७९ को राजश्व र व्ययको अनुमान, विनियोजन विधेयक, आर्थिक विधेयक, मध्यमकालिन खर्च संरचना, मन्त्रालयगत प्रगति विवरण प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।

## मिति २०७८।०३।०५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

**प्र.मं.प.बै.सं. १२।०७८**

१. गण्डकी प्रदेशको नीति तथा योजना आयोगको उपाध्यक्ष पदमा तनहूँ जिल्ला व्यास नगरपालिका वडा नं. ५ बस्ने डा. श्री रघुराज काफ्लेलाई नियुक्ति गर्ने।

२. मुख्य न्यायाधिवक्ता पदमा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ११, फूलबारी बस्ने श्री रोहितराज बाँस्तोलालाई नियुक्तिको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

३. हालै मुलुकभर भएको बर्षाले आएको बाढी पहिरोको कारणले यस प्रदेशमा भएको धनजनको क्षतीको सम्बोधन गर्न गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री र माननीय मन्त्रीहरुले आधा महिनाको पारिश्रमिक प्रदेश विपद् कोषमा जम्मा गर्ने।